मिति २०८२/०१/०२ गते

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ बमोजिमको विवरण

१. **निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरण :**
कार्यरत कर्मचारी संख्या ३,२६८ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहका सदस्यहरुको नाम बैंकको वेबसाईट www.prabhubank.com मा हेर्न सकिन्छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गको इजाजतपत्रप्राप्त संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट www.prabhubank.com अन्तर्गत Our Network खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाईट www.prabhubank.com अन्तर्गत Standard Tariff of Charges खण्डमा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रिय स्तरमा नायब प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

**श्री मनिराम पोखरेल**
नायब प्रमुख कार्यकारी अधिकृत
प्रभु बैंक लिमिटेड, प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ ।
फोन नं. ५७१९०००, ईमेल mani.pokhrel@prabhubank.com

९. **सम्पादन गरेको कामको विवरण:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गका संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु सम्पादन भईरहेका छन् ।

१०. **सूचना अधिकारीको नाम र पद :**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीहरुलाई तोकिएको छ ।

सूचना अधिकारी : **श्री रविन्द्र ढकाल**
प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौ ।
फोन नं.४२५६९०३, ईमेल rabindra.dhakal@prabhubank.com

- साथै, यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. मुलुकी देवानी (संहिता) ऐन, २०७४
१० विनिमय अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
१२. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३ नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र–पत्रिकामा प्रकाशित हुँदै आएको छ भने बैंकको वेबसाईट www.prabhubank.com मा समेत रहेको छ ।

१३. **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**श्री अशोक शेरचन**
प्रमुख कार्यकारी अधिकृत
प्रभु बैंक लिमिटेड, प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ ।
फोन नं. ५७१९००० ईमेल : ashok.sherchan@prabhubank.com

**साथै, सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ । साथै, सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आईरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण : www.prabhubank.com**

१६. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**
सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण : आर्थिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाईटमा समेत प्रकाशित गर्दै आएको छ ।

१७. **सार्वजनिक निकायले संचालन गरेको कर्यक्रम र सो को प्रगति प्रतिवेदन:**
बैंकले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने बैंकको वेबसाईट www.prabhubank.com मा समेत रहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधि:**
हाललाई सुचना वर्गीकरण नगरिएको ।

१९. **सार्वजनिक निकायमा परेका सुचना माग सम्बन्धी निवेदन र सो उपर सुचना दिएको विवरण:**
हालसम्म निवेदन प्राप्त नभएको ।

२०. **सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण:**
बैंकको वेबसाईट www.prabhubank.com मा प्रकाशित गरिएको ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ,
पो.ब.न.१९४४१, फोन नं. ०१-५७१९०००

PRABHU BANK
Head Office